# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा लमजुङ जिल्लास्थित ग्लोबल आइएमइ बैंक लिमिटेडको शाखा कार्यालयको समुद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले मंसीर २५ गते शुक्रबार लमजुङ जिल्लाको बेसीशहरमा ग्लोबल आइएमइ बैंक लिमिटेडको नयाँ शाखाको उद्घाटन गर्नु भयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाको उपस्थितिले स्थानीय जनतामा बचत गर्ने बानीको विकास हुने र नेपाल जस्तो बचतको स्तर अत्यन्त न्यून भएको मुलुकमा बचतको स्तर उकास्न मद्दत पुग्ने बताउनु भयो । सो अवसरमा उहाँले लमजुङ जिल्ला ठूलो मात्रामा रेमिट्यान्स भित्र्याउने जिल्ला भएकाले रेमिट्यान्सबाट प्राप्त रकमलाई साना औद्योगिक व्यवसाय, कृषि र जलविद्युत जस्ता क्षेत्रमा लगानी गर्न सकिने अवसर रहेकाले यसरी प्राप्त रकम फजुल खर्च नगरी बचत गर्ने बानी बसाल्न सर्वसाधारणलाई आग्रह गर्नु भयो । भूकम्पको समयमा बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो सेवा निरन्तर रुपमा संचालन गरेकाले बैंक तथा वित्तीय संस्थाहरूप्रति सर्वसाधारणको थप विश्वास बढेको उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले सर्वसाधारणको निक्षेपको हकहितको संरक्षण गर्न र बैदेशिक रोजगारीका लागि विदेशीने युवाहरूलाई सरल तरिकाबाट ऋण प्रदान गरी स्वदेशमै उत्पादनमूलक कार्यमा लगाउनेतर्फ पहल गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नु भयो । सोही क्रममा उहाँले सूचना र प्रविधिको वर्तमान समयमा बैंकहरूले अबलम्बन गरेको नयाँ उपकरण तथा प्रविधिबाट बैकिङ्ग सेवा लिन सर्वसाधारणलाई आग्रह समेत गर्नु भयो ।

२०७२ मंसीर २५, शुक्रबार

गभर्नरको कार्यालय